# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ४६) काठमाडौं, चैत २५ गते २०५३ साल (संख्या ५१

## भाग ३

श्री ५ को सरकार

### अर्थ मन्त्रालयको

### सूचना १

श्री ५ को सरकारले विदेशमा लगानी गर्न प्रतिबन्ध लगाउने ऐन, २०२१ को दफा ३ को उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी द्विपक्षीय लगानी प्रवर्द्धन तथा संरक्षण सम्बन्धमा श्री ५ को सरकारसँग सम्झौता भएका देशहरूमा नेपाल राष्ट्र बैंकको पूर्व स्वीकृति लिई विदेशमा लगानी गर्न छूट दिने तर नेपाल राष्ट्र बैंकले त्यसरी स्वीकृति दिंदा श्री ५ को सरकारको सहमति लिनु पर्ने निर्णय गरेकोले सर्वसाधारणको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

### सूचना २

श्री ५ को सरकारले आर्थिक ऐन, २०५३ को दफा २५ ले दिएको अधिकार प्रयोग गरी जर्मन तथा स्वीस प्रविधिद्वारा तयार गरिएको शैक्षिक उपकरणहरूबारे जानकारी दिने ल्याव टप्स नामक क्याटलगमा आर्थिक ऐन, २०५३ बमोजिम लाग्ने बिक्रीकर छूट दिने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।

आज्ञाले,

रामविनोद भट्टराई

श्री ५ को सरकारको सचिव

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## श्री ५ को सरकार

## स्थानीय विकास मन्त्रालयको सूचना

गाउँ विकास समिति, नगरपालिका र जिल्ला विकास समितिका सदस्यहरूको पदावधि २०५३ साल चैत्रमसान्तमा सकिने र स्थानीय निकाय (निर्वाचन कार्यविधि) ऐन, २०४८ को दफा १२ को उपदफा (१) को व्यवस्थानुसार उक्त निकायका सदस्यहरूको निर्वाचन २०५३ साल चैत्र मसान्तसम्ममा सम्पन्न भई सक्नु पर्नेमा हिमाली भेगका जिल्लाहरूमा हिमपातको कारणले गर्दा फागुन चैत्रमा स्थानीय निकायको निर्वाचन गराउन सम्भव नहुने र उच्चस्तरीय विकेन्द्रीकरण समन्वय समितिको सुझाव अनुसार स्थानीय निकायलाई बढी स्वायत्तता दिई अधिकार सम्पन्न बनाई तत्सम्बन्धी कानूनी व्यवस्था गरेपछि स्थानीय निकायको निर्वाचन गराउन बढी उपयुक्त हुने भएकोले श्री ५ को सरकारले गाउँ विकास समिति ऐन, २०४८ को दफा ५१, नगरपालिका ऐन, २०४८ को दफा ७० र जिल्ला विकास समिति ऐन, २०४८ को दफा ५९ ले दिएको अधिकार प्रयोग गरी नेपाल अधिराज्यका सबै गाउँ विकास समितिका अध्यक्ष, उपाध्यक्ष र सदस्यहरू, सबै नगरपालिका (महानगरपालिका र उप-महानगरपालिका समेत) का प्रमुख, उपप्रमुख र सदस्यहरू तथा सबै जिल्ला विकास समितिका सभापति, उप-सभापति र सदस्यहरूको पदावधि वि. सं. २०५४ साल असार १५ गतेसम्मका लागि थप गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।

आज्ञाले,
खेमराज नेपाल
सह-सचिव

## श्री ५ को सरकार

## सामान्य प्रशासन मन्त्रालयको सूचना १

श्री ५ को सरकारले निजामती सेवा नियमावली, २०५० को नियम १३६ ले दिएको अधिकार प्रयोग गरी सोही नियमावलीको अनुसूची २ मा "राजश्व अनुसन्धान विभाग अन्तर्गतका इकाई कार्यालयहरू" थप गरेको छ ।

~~९९४~~ ९०८४ (२)

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।